मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २५ ◆ अङ्क : १२७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ चैत १२ गते बुधवार (Wednesday, March 25. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**सूचना**

घर भाडामा दिँदा भाडामा लिने व्यक्ति/संस्थाको परिचय खुल्ने अद्यावधिक विवरणसहितको कागजात लिई भाडामा बसेको र छोडेको विवरण र जानकारी नजिकको प्रहरी इकाइमा अनिवार्य दिने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग


# ‘लकडाउन’ नमान्नेलाई कार्वाही



**भद्रपुर, चैत ११।** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)को संक्रमण नेपालमा फैलन नदिन सरकारले मंगलवार बिहान ६ बजेबाट देशभर लकडाउन गरे पनि झापामा लकडाउन उल्लंघन गर्ने झण्डै दुई सय वटा सवारी साधन कारावाहीमा परेका छन् ।

सरकारको निर्णय उल्लंघन गर्ने एक सय जना मोटरसाइकल चालक, ६५ वटा तीन पाङ्ग्रे टेम्पो र चार चक्के साना ठूला सवारी ३० वटाभन्दा बढीलाई कारवाही गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रकाश जवेगूले नियन्त्रणका लिएका सबै सबारीलाई कारवाही गर्दै कोरोनाका विषयमा सम्झाई बुझाई छाडिएको बताए ।

झापाका १८ वटा ट्राफिक पोस्टबाट लकडाउनलाई व्यवस्थित बनाउन ट्राफिक प्रहरीले काम गरिरहेको प्रहरी निरीक्षक जबेगूले बताए । सरकारको निर्णय कार्यान्वयन गराउन मानिसको भीडभाड हुने ठाउँमा झापामा प्रहरीको उपस्थिति बाक्लो छ ।

मंगलवारदेखि चैत १८ गते बिहान ६ बजेसम्म गरेको ‘लकडाउन’ को उल्लंघन गर्नेलाई प्रचलित कानून बमोजिम पक्राउ गरी कारबाही गरिने जिल्ला प्रशासन कार्यालय झापाले आदेश जारी गरेको छ ।

नेपाल सरकारको निर्णय बमोजिम कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि जारी गरेको आदेशलाई कार्यान्वयन गराउने उद्देश्यले मंगलवार बिहान जिल्ला प्रशासन कार्यालय झापामा बसेको सुरक्षा निकायको बैठकले यस्तो आदेश जारी गरेको सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राईले जानकारी दिए । आदेशको अवहेलना र बर्खिलाप कसैले गरेको पाइएमा पक्राउ गरी कानून बमोजिम कारबाही गरिने उनले बताए ।

प्रशासन कार्यालय झापाले ११ बुँदे आदेश जारी गर्दै जिल्लावासीलाई औषधि उपचार, खाद्यवस्तु खरिद जस्ता अत्यावश्यक कामबाहेक घरबाट बाहिर निस्कन नदिने, प्रशासन कार्यालयबाट अनुमति प्राप्त सवारीसाधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्न बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुवाहक सवारीसाधन सञ्चालन नगर्ने, दुवै देशका भन्सार नाकाहरूबाट आउने मालवाहक तथा अन्य सवारीसाधनका चालकहरूको सम्बन्धित नाकाहरूमा स्वास्थ्य परीक्षण गर्ने र गाडीलाई समेत डिइन्फेक्सन स्प्रे गरी मात्र सञ्चालन गर्ने दिने, जिल्लाभित्रका उद्योग वाणिज्य संघहरूले खाद्यान्न सामग्री नियमित गर्ने, बजारमा खाद्य सामग्रीको अभाव देखाई मूल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम नियन्त्रण गरी कडा कारबाही गरिने, समाचार संस्था तथा सञ्चारकर्मीहरुले प्रयोग गर्ने सवारीसाधनको हकमा प्रशासन कार्यालयले जारी गरेको सवारी सञ्चालन अनुमति पत्र लिएर मात्र सवारी सञ्चालन गर्ने, जिल्लाका सबै एम्बुलेन्ससहित चालकलाई तयारी अवस्थामा रहने लगायत रहेको छ ।

**झापा सुनसान**

सरकारले लकडाउन गरेसँगै जिल्लाका सबै बजार, कलकारखाना, सरकारी कार्यालय, उद्योगधन्दा, विमानस्थल, सवारीसाधन, सीमा नाका ठप्प बनेको छ ।

जिल्लाको सदरमुकाम भद्रपुर, बिर्तामोड, काँकरभिट्टा, धुलाबारी, अर्जुनधारा, बुधबारे, सुरुङ्गा, दमक लगायत सबै स्थानीय तहका बजार ठप्प छ । लकडाउनमा केही सर्वसाधारण बिहानको समयमा बाहिर देखिए पनि प्रहरीको आग्रह बमोजिम उनीहरू पनि घरभित्रै बस्न थालिसकेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । ‘बिहान केही समस्या देखिएको थियो, सर्वसाधारण घर बाहिरका बजार तथा सडकमा देखिएपछि सुरक्षाकर्मीले उनीहरूलाई घर पठाएका थिए’- प्रहरी नायव उपरीक्षक श्रेष्ठले भने- ‘अहिलेसम्म जिल्ला सुनसान नै छ, जिल्लावासीले सरकारको निर्णय पालना गरिदिए कुनै समस्या आउँदैन ।’ ‘केही हलुका सवारीसाधन फाटफुट सञ्चालनमा रहे पनि त्यसलाई नियन्त्रण गर्न सुरक्षाकर्मी परिचालन गरिसकेका छौं’- उनले भने ।

**पूर्वी नाकामा डेढ सयभन्दा बढी नेपाली नेपाल भित्रिए**

कोरोनाबाट बच्न सरकारले सीमा शिलसँगै देश नै लकडाउन गरेपछि भारतबाट नेपाल आउने नेपाली यात्रु सीमा नाकामा अलपत्र परेका नेपालीलाई नेपाल भित्र्याइएको छ ।

काँकरभिट्टा नाकासँग जोडिएको भारतको पानीट्यांकी नाकामा डेढ सयभन्दा बढी नेपाली अलपत्र परेका थिए । ‘अध्ययन र रोजगारीबाट फर्किएका उनीहरू सीमा नाकामा रहेको बुझिएको छ, उनीहरूलाई नेपाल प्रवेश गर्न दिने विषयमा छलफलपछि नेपाल भित्र्याएको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ । सरकारले साँझ एक दिनका लागि सीमामा रहेका सबै नेपालीलाई भित्र्न मौका दिएपछि पूर्वी नाका काँकरभिट्टासहित देशभरका नाकाबाट नेपाली भित्रिएका हुन् ।

**माछा बरामद**

नेपाल-भारत सीमा शिल गरेकै दिन चोरी निकासीको बाटो प्रयोग गरी नेपाल भित्र्याइएको ६ कार्टुन माछा बरामद गरिएको छ ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको टोलीले विशेष सूचनाको आधारमा भद्रपुर-५स्थित मसानघाट नजिकैबाट माछा भरिएका ६ वटा कार्टुन बरामद गरेको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए । बरामद गरिएको माछा २ सय केजी भन्दा बढी थियो ।

बरामद गरिएको माछालाई अस्थायी क्वारेन्टाइन चेक पोस्ट भद्रपुर परिसरमा सबैको रोहबरमा नष्ट गरिएको प्रहरीले जनाएको छ । कोरोना भाइरस संक्रमण फैलिन नदिन भद्रपुर नाकाबाट भित्र्याइने भारतबाट आयातित

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना आशंकामा एक व्यक्ति आइसोलेसनमा

**झापा, चैत ११।** झापाको गौरादह नगरपालिकाका एक व्यक्तिलाई कोरोनाको आशंकामा आइसोलेसनमा राखिएको छ ।

फ्रान्सबाट कतार हुँदै गत चैत ४ गते नेपाल आएकी कोरोना भाइरसद्वारा संक्रमित युवतीसँगै एउटै विमानमा नेपाल आएको भनिए पनि उनी कतारबाट सोझैं नेपाल आएका हुन् । शुरुमा उनले आफू युवतीसँगै एटै विमानमा आएको बताए पनि उनी आएको विमान फरक रहेको बताइएको छ । उनलाई भद्रपुरस्थित मेची अस्पालतको आइसोलेसनमा राखिएको जिल्ला विपद् व्यवस्थापन समितिका सचिव जीवन चम्लागाँईले जानकारी दिए ।

चिकित्सकको निगरानीमा राखिएका उनलाई कोरोना संक्रमण भए नभएको परीक्षणका लागि समस्या भएको मेची अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. पीताम्वर ठाकुरले बताए । लकडाउनका कारण सबै आन्तरिक उडान बन्द छन्, नमूना परीक्षणका लागि सेम्पल कसरी पठाउने ? प्रतिप्रश्न गर्दै उनले भने- ‘दुई जना मात्रै कोराना संक्रमणका विरामी आए भने उपचार गर्न मुस्किल छ ।’

कोरोनाको संक्रमण भए नभएको थाहा पाउन

(बाँकी अन्तिम पृष्ठमा)

## १० करोडको कोष

**झापा, चैत ११।** कोरोना भाइरस नियन्त्रण तथा रोकथाम गर्न १ नम्वर प्रदेश सरकारले १० करोड रुपैयाँको कोष खडा गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश नम्बर १ कोरोना जनसुरक्षा कोष खडा गर्नुका साथै उक्त कोषमा प्रदेश सरकारका तर्फबाट १० करोड रकम जम्मा गरेको छ। उक्त कोषमा मुख्यमन्त्रीसहित मन्त्री र राज्यमन्त्रीहरुले एक महिनाको पारिश्रमिक जम्मा गर्ने निर्णय गरेका छन् ।

मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा कोरोना इन्फरमेसन डेस्क स्थापना गर्ने निर्णय गरेको छ । साथै सबै मन्त्रालयहरुमा एक जना अधिकृतस्तरको कर्मचारीलाई कोरोना फोकल पर्सनको रुपमा तोकी प्रत्येक दिन इन्फरमेसन डेस्कमा कोरोना सम्बन्धी सूचनाहरु उपलब्ध गराउने छन् ।

## झापाका पत्रिका बन्द

**बिर्तामोड, चैत ११।** झापाबाट प्रकाशित पत्रपत्रिका बन्द भएका छन् ।

कोरोना भाइरस बारे आवश्यक सजगताका लागि सरकारले लकडाउनको निर्णय गरेपछि पत्रिका प्रकाशन तथा वितरणमा असहज भएको बताइएको छ । पत्रिका प्रकाशन तथा बितरणमा समस्या भएको भन्दै झापाका दैनिक तथा साप्ताहिक पत्रिका बन्द भएको नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष तारामणि सापकोटाले जानकारी दिए । झापाका सम्पादक/प्रकाशकले असहज परिस्थितिमा पत्रिका प्रकाशन गर्न कठिनाई भएकाले बन्द गर्नु परेको भन्दै विज्ञप्ति समेत निकालेका छन् ।

दैनिक तथा साप्ताहिक पत्रिकाका सम्पादक, व्यवस्थापक तथा महासंघ झापाका अध्यक्ष सापकोटासहित पदाधिकारीहरुको बैठकले सञ्चारमाध्यम र सञ्चारकर्मीले यो समयमा भोग्नुपरेको कठिनाइबारे गम्भीर छलफल गरेका थिए ।

कतिपय पत्रिका चैत १० गतेबाट नै बन्द भएका छन् भने धेरै पत्रिका मंगलवारबाट बन्द भए । बाँकी रहेका केही पत्रिकाको प्रकाशन बुधवारबाट बन्द हुने बताइएको छ । ती पत्रिका कम्तीमा चैत १८ गतेसम्म बन्द रहने र त्यसपछि मुलुकको परिस्थिति अनुसार प्रकाशन गृहले निर्णय लिने छलफलमा जानकारी

(बाँकी अन्तिम पृष्ठमा)

# ‘रोगभन्दा बढी त्रास फैलियो हैरान...’

*संसारभरि दसौं हजार मान्छे मरिरा’छ*
*अझै बढ्न सक्छन् भन्ने समाचारमा आ’छ*
*डराउन हुन्न आत्तिन हुन्न कोरोना यो टर्छ*
*यो बेलामा हामी सबै सचेत बन्नुपर्छ*
*आउँदैछ कोरोना भाइरस*
*विश्वभर आतंक छाइरा’छ ॥*

विश्वव्यापी संक्रमण भइरहेको कोभिड-१९ रोकथाम, नियन्त्रण र सचेतनाका लागि सरकार र नागरिक क्षेत्रबाट पहल अघि बढेका बेला कलाकार र स्रष्टाहरु गीत, संगीतका माध्यमबाट यस अभियानमा जुटेका छन् । मंगलवारदेखि अत्यावश्यक सेवाबाहेक ‘लकडाउन’ जारी गरेकाले मानिसहरु घरमा परिवारसहित बसेर मनोरञ्जन लिँदै हेर्न मिल्ने यस्ता कोरोना विरोधी सचेतनामूलक गीतहरु युट्युब र सामाजिक सञ्जालमा छाउन थालेका छन् ।

चीनको वुहान शहरबाट फैलिएको यो भाइरसबारे शुरुमा आम नेपालीले धेरै बुझेका थिएनन् । पछि विश्वव्यापी संक्रमण भएपछि सञ्चारमाध्यमबाट यसको जोखिम र असरका बारेमा चाल पाए । नेपाल टेलिकमको ‘रिङ ब्याक टोन’ का माध्यमबाट पनि धेरै मानिस सचेत भएका थिए । यी गीतहरुले कोरोना भाइरसलाई अझ सरलरुपमा बुझाएको छ भने यसबाट बच्ने तरिकालाई जनहितमा गीति शैलीमा प्रस्तुत गरिएको छ ।

राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठानका लागि गोरक्ष म्युजिक प्रालिको प्रस्तुति रहेको यो गीतमा नरेश खाती र एनिला

### कोरोना गीत

चौहानको स्वर र गोमा परियारको शब्द रहेको छ भने कलाकार कोमल वली, दीपाश्री निरौला, बद्री पंङ्गेनी, रमेश बिसी, पशुपति शर्मा, पत्रकार ऋषि धमला आदिले अभिनय गरेका छन् ।

*अङ्कमाल हात मिलाउन आजैबाट छोडौं*
*भेटघाट हुँदा नमस्कार गर्दै हात जोडौं*
*स्वस्थ बन्न सक्छौं आफ्नै आनी र बानीले*
*मास्क लगाउँ हात धोउँ हजुर साबुन र पानीले*
*डराउनैपर्ने त छैन है*
*ख्याल ठट्टा गर्ने नि होइन है ।*

मानवीय सुरक्षासँग जोडिएको यस सवालमा ‘बाँचौं र बचाऔं’ को उद्घोषसहित डा. बाबुराम अधिकारीको शब्द रचना, सागर गुरुङ र प्रेक्षा लम्सालको स्वरमा प्रिज्म स्टुडियोले अर्को गीति भिडियो प्रस्तुत गरेको छ :-

*नजाउँ कतै भीडभाड हुने ठाउँ*
*आउन सक्छ शहर सबै गाउँ*
*बनौं सचेत*
*आत्तिनु पर्दैन*
*सावधानी अपनाउँ है हुन्नौं अचेत ।*

कोरोनाबिरुद्ध चेतनामूलक गीतका साथै विभिन्न टेलिभिजनका हास्य कार्यक्रम र टेलिश्रृंखलाहरु यही अभियानमा सामेल भएका छन् । नेपाल टेलिभिजनको ‘मुन्द्रेको कमेडी क्लव’ ले कोरोनाविरुद्ध जनचेतनामूलक हाँस्य प्रस्तुति दिन थालेको छ । चिकित्सकलाई नै कार्यक्रममा उपस्थिति गराएर रमाइलो शैलीमा कोरोना भाइरस र यसको बचावटबारे प्रस्तुति दिन थालिएको छ ।

‘एमएमएस इन्टरटेन्ट’ले पनि रिमिक्स शैलीमा ‘रोगभन्दा बढी त्रास फैलियो हैरान’ बोलको ‘कोराना ।’ गीत बाहिर ल्याएको

(बाँकी अन्तिम पृष्ठमा)


**सस्तोमा घडेरी बिक्री**

झापाको बिर्तामोड-१, देवी पञ्चकन्या प्लटिङको उत्तरमा एक कठ्ठा आकर्षक घडेरी सस्तो मूल्यमा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले तत्काल सोझै सम्पर्क गर्नुहोला । मूल्य रु.४७ लाख मात्र ।

सम्पर्कः ९८२३७२६९७९








**परम्परागत रूपमा मकै गोडमेल गर्दै कृषक**: झापाको बिर्तामोड–१ गैरी गाउँका कृषक परम्परागत रुपमा राँगाको प्रयोग गरेर मकै गोडमेल गर्दै । झापामा पछिल्लो समय वर्णशंकर (हाइव्रेड) प्रजातिको मकैको खेती धेरै हुँदै आएको छ । **तस्वीरः सुरेन्द्र भण्डारी/पूर्वाञ्चल**

# ‘कोरोना संक्रमण तीव्र गतिमा फैलिइरहेको छ’

**झापा, चैत ११।** विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का प्रमुखले कोरोनाभाइरस संक्रमणको प्रकोप तीव्र गतिमा फैलिरहेको चेतावनी दिएका छन् ।

टेड्रोस एड्हानोम गेहब्रेयससले संसारभरि तीन लाखभन्दा धेरैमा संक्रमण पाइएको भन्दै अझै पनि प्रकोपको गतिलाई परिवर्तन गर्न सकिने बताएका छन् । जेनेभास्थित बीबीसी सम्वाददाता इमोजेन फोक्स भन्छिन्- पहिलो केस भेटिएको ६७ दिनपछि एक लाखमा संक्रमण पाइयो । दुई लाख पुग्न अर्को ११ दिन लाग्यो । तर त्यसको चार दिनमै तीन लाख पुग्यो । विश्व स्वास्थ्य सङ्गठनले कोरोनाभाइरस सङ्क्मणलाई ‘विश्वव्यापी महामारी’ को संज्ञा यसअघि नै दिइसकेको छ ।

विश्व स्वास्थ्य सङ्गठनले मानिसहरूको हिँड्डुल नियन्त्रणमा मात्र भर नपर्न भनेको छ । प्रत्येक संक्रमण परीक्षण गरेर तथा संक्रमित व्यक्तिको सम्पर्कमा भएका अन्य व्यक्तिलाई अलग्याउनु उक्त भाइरसविरुद्धको लडाइँमा महत्वपूर्ण हुने उसले बताएको छ ।

फ्रान्सका राष्ट्रपति एमानुएल माक्रोँले चिनियाँ राष्ट्रपति सी जिन्पिङसँग मिलेर आह्वान गर्न लागेको जीट्वेन्टी समूहको आकस्मिक शिखर सम्मेलनमा विश्व स्वास्थ्य सङ्गठनलाई पनि निम्त्याइएको छ । रोगका सम्भावित उपचार उक्त बैठकको अजेन्डामा छ । विश्वका अग्रणी अर्थतन्त्र तथा वित्तीय संस्थाहरूले संसारलाई लामो आर्थिक मन्दीबाट जोगाउन विशाल परिमाणमा पैसा हाल्न आफूहरू तयार रहेको बताएका छन् । अमेरिकाको केन्द्रीय ब्याङ्क फेडरल रिजर्भले ऐतिहासिक कदम चाल्दै कर्पोरेट ऋण किनिदिने तथा घरेलु सापटी प्रवाहलाई भरथेग गरिदिने बताएको छ ।

जर्मनीले आफ्नो अर्थतन्त्रमा परेको हानीलाई कम गर्न ८०० अर्ब डलर खर्च गर्ने बताएको छ । विश्व बैंकले विकासोन्मुख देशहरूलाई कोरोनाभाइरस प्रकोपको मार व्यहोर्ने १५० अर्ब डलर सहायता दिने जनाएको छ । संयुक्त राष्ट्रसंघका महासचिवले कोरोनाभाइरस प्रकोपसँग जुध्न विश्वभरि जारी द्वन्द्वमा युद्धविराम गर्न आव्हान गरेका छन् ।

एन्टोनियो गुटेरजले कोभिड १९ राष्ट्रसंघको ७५ वर्षे इतिहासकै एक अभूतपूर्व स्वास्थ्य सङ्कट भएको बताए । उनले विश्वका गरिब देशहरू तथा जोखिममा रहेका मानिसहरू सबभन्दा नराम्ररी प्रभावित हुने भन्दै कीर्तिमानस्तरको विश्वव्यापी मन्दी अवश्यम्भावी भएको बताए । उनले विश्व नेताहरूलाई तत्काल र संयोजित प्रतिक्रिया देखाउन एकताबद्ध हुन आह्वान गरे ।

## चीनको वुहानमा फेरि फैलियो कोरोना

**झापा, चैत ११।** अहिले विश्वभरि फैलिरहेको कोरोनाभाइरसको उद्गमस्थल मानिएको चीनको वुहान शहरमा पाँच दिनको शून्यतापछि फेरि उक्त भाइरस देखा परेको छ ।

कोभिड-१९ नामक रोग लगाउने नयाँ कोरोनाभाइरस पहिलोपटक हुबे प्रान्तको उक्त शहरमा देखिएको थियो । त्यहाँ केही दिनयता संक्रमण घट्दै गएको थियो तथा पाँच दिनदेखि कुनै पनि नयाँ संक्रमण देखिएको थिएन ।

अहिले चीनभित्रबाट भन्दा पनि बाहिरबाट संक्रमण भित्रिरहेको चिनियाँ अधिकारीहरूले बताएका छन् । उनीहरूका अनुसार विगत २४ घण्टामा चिनियाँ मुख्य भूभागमा ८० वटा नयाँ संक्रमण पाइएको छ । संक्रमित व्यक्तिमध्ये चार जना बाहेक बाँकी सबै चीन बाहिरबाट आएको अधिकारीहरूको भनाइ छ ।

**दक्षिण कोरियामा घट्दै**

चीनको पूर्वी छिमेकी दक्षिण कोरियामा कोरोनाभाइरस सङक्रमण घट्ने क्रम जारी रहेको छ । चार हप्ताअघि त्यहाँ संक्रमण दर उच्च रहेको थियो । त्यहाँ विगत २४ घण्टामा कोभिड १९ भएका ६४ जना व्यक्ति भेटिएको बताइएको छ । त्यससँगै त्यहाँ सङ्क्रमित मानिसको संख्या ८,९६१ पुगेको छ । त्यहाँ १११ जनाको ज्यान गइसकेको छ ।

दक्षिण कोरियामा स्वास्थ्यकर्मीहरूले सर्वसाधारणहरूले अझै पर्याप्त सावधानी नअपनाएको भन्दै कोरोनाभाइरससँगको संघर्ष अझै लामो हुन सक्ने बताएका छन् । दक्षिण कोरियामा दैनिक २०,००० जनाको परीक्षण भइरहेको छ । यो दर विश्वभरिकै सबैभन्दा बढी हो ।

त्यहाँ अहिले सार्वजनिक र निजी प्रयोगशालाहरूको सञ्जाल बनाइएको छ । रोगको लक्षण देखिएका मानिसहरू आफैँ गाडी चलाएर गई स्वास्थ्य परीक्षण गराउन सक्छन् ।

युरोप अहिले पनि विश्वव्यापी महामारीको केन्द्रबिन्दु बनेको छ । इटलीमा आइतवार ६५१ जनाको मृत्यु भएको जनाइएको छ । त्योसँगै त्यहाँ कोभिड-१९का कारण मृत्यु हुनेको संख्या ५,४७६ पुगेको छ । स्पेनमा विगत २४ घण्टामा ४६२ जनाको मृत्यु भएको छ । यो वृद्धिसँगै त्यहाँ मृत्यु हुनेको सङ्ख्या २,१८२ पुगेको छ ।

# संक्रमण फैलिन नदिन ‘लकडाउन’, पर्याप्त छैन कानून

**झापा, चैत ११।** विश्वभरि कोरोना भाइरस (कोभिड-१९) फैलिएपछि नेपाल सरकारले सम्भावित जोखिमलाई रोक्न संक्रामक रोग ऐन, २०२० कार्यान्वयन गरी देशभर लकडाउन गरेको छ ।

स्वास्थ्यविद् डा. बाबुराम मरासिनीका अनुसार नेपालको इतिहासमा यस्तो महामारी फैलिने जोखिमलाई कम गर्न सरकारले संक्रामक रोग ऐन कार्यान्वयन गरी देशभर लकडाउन गरेको पहिलोपटक हो । नेपालको इतिहासमा महामारीकै रुपमा फैलिने त्रासले यो ऐन कार्यान्वयन गरेको पहिलोपटक हो- राससससँग कुरा गर्दै उनले थपे- २०२७ सालमा प्लेग (मुसालाई टोकेको उपायबाट मानिसमा सर्ने रोग) ले २२ को मृत्यु भएको थियो, त्यसबेला बझाङमा लकडाउन गरिएको थियो, अरु जिल्लामा पनि हैजा, विफर, टाइफाइडजस्ता रोगलाई लिएर निश्चित ठाउँ लकडाउन भएको थियो तर अहिलजस्तो देशैभर लकडाउन भएको थिएन । सन् १९५४ मा तत्कालिन परराष्ट्र एवम् स्वास्थ्यमन्त्री डा डिल्लीरमण रेग्मीले नेपालका तर्फबाट विश्व स्वास्थ्य सङ्गठन(डब्लुएचओ) सदस्यतामा हस्ताक्षर गरेका थिए ।

त्यससँगै इन्टरनेशनल हेल्थ रेगुलेसन-४९ को पालना गर्नुपर्ने र माहामारी फैलिएमा डब्लुएचओलाई जानकारी दिनुपर्ने भएकाले संक्रामक रोग ऐन, २०२० निर्माण गरिएको हो । स्वास्थ्यविद् डा. मरासिनीका अनुसार ४५ वर्षभन्दा अघि बनेको ऐनमा सडक यातायातबारे उल्लेख गरिए पनि हवाईजहाजमा संक्रमण भए के गर्ने भन्ने व्यवस्था छैन । अन्तर्राष्ट्रिय अभ्यासलाई अध्ययन गरेर जहाजमा संक्रमण देखिएमा गर्ने, अध्ययगमनमा संक्रमण देखिए के गर्ने भन्ने विषयमा कानून परिमार्जन गरेर बनाउनु जरुरी छ- डा मरासिनीले थपे । पर्याप्त छैन ऐनः कानूनविद् वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवालीले सडक यातायातको विषयमा ऐनमा व्यवस्था गरिए पनि हवाईजहाज र अध्ययगमनमा संक्रमण देखिए के गर्ने भन्ने विषयमा ऐनमा पर्याप्त व्यवस्था नभएकाले सरकारले अध्यादेशमार्फत ऐन ल्याउनुपर्ने सुझाव दिए ।

संक्रमण रोग फैलन नदिन २०२० सालमा गरिएका व्यवस्था एकदम न्यून छन्, सबै कुरालाई समेटेर सरकारले अध्यायदेश ल्याउ जरुरी छ- डा. ज्ञवालीले भने- नयाँ नयाँ रोग फैलिएका छन्, सोही अनुसार कानूनी आधार नभए सरकारलाई काम गर्न अप्ठ्यारो हुन्छ । नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलले विश्वभरि नै यस्तो रोग फैलिएला भनेर त्यस्तो खालको कानून नै नबनाएको बताए । संक्रमण रोग ऐन पुरानो ऐन हो, तानतुन पारेका काम चलाउनुपर्छ, मुलुकी अपराध संहिताबाट पनि सहयोग लिन सकिन्छ- उनले थपे- यस्तो महामारीको रुपमा कोरोना भाइरसजस्ता रोग आउँला भन्ने के थाहा ! यस्तो छ कानूनी व्यवस्था नेपालभर वा त्यसको कुनै भागमा मानिसमा कुनै संक्रमण रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक कारवाही गर्न सक्छ । सर्वसाधारण जनता वा कुनै व्यक्तिको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न सक्नेछ । यही कानूनलाई कार्यान्वयन गर्दै सरकारले मंगलवारदेखि लकडाउन गर्ने निर्णय गरेको हो ।

ऐनमा नेपाल सरकारले मानिसमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रमण निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ भनी व्यवस्था गरेको छ ।

ऐनको (३) उपदफा (१) वा (२) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी नेपाल सरकारले पैदल वा जुनसुकै सवारीको साधनबाट लगिने वा ल्याइने सफर गर्ने यात्रुको जाँचबुझ गर्न र त्यस्ता पशुपक्षी वा यात्रुलाई कुनै संक्रमण रोग लागेको छ भन्ने शङ्का लागेमा जाचँबुझ गर्न खटिएको कर्मचारीले त्यस्तो यात्रुलाई अस्पताल तथा अन्य स्थानमा अलग गरी राख्न वा कुनै किसिमबाट ल्याउन लैजान वा सफर गर्नमा समेत निरीक्षण र नियन्त्रण गर्नको लागि आवश्यक आदेश जारी गर्न सक्नेछ । उक्त ऐनको अपहेलना गर्ने व्यक्तिलाई न्यूनतम एक महिनासम्म कैद वा रु. १०० सम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

अधिकतम् ऐनको उल्लंघन गर्नेलाई छ महिनासम्म कैद वा रु. ६००सम्म जरिवाना वा दुवै सजाय हुनेछ । कसुरमा कारवाही वा किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई रहेको छ ।

# स्वदेश भित्र्ने नेपालीलाई क्वारेन्टाइन अनिवार्य

**झापा, चैत ११।** विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ भित्रिन नदिन सरकारले अत्याश्यक अवस्थाबाहेक घरबाट बाहिर ननिस्कन आदेश जारी गरेपछि दक्षिणी सीमा क्षेत्रमा अड्किएका नेपालीलाई मुलुक प्रवेश गर्न मंगलवार एक दिनको समय दिइएको छ । तर, उनीहरु १४ दिन अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्नुपर्ने सरकराले जनाएको छ ।

यसका लागि स्थानीय प्रशासन, प्रदेश र स्थानीय तहको समन्वयमा क्वारेन्टाइनको व्यवस्था मिलाउने निर्णय भएको सरकारका प्रवक्ता अर्थमन्त्री एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. युवराज खतिवडाले जानकारी दिए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा गठित कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको मंगलवारको बैठकले उक्त निर्णय गरेको हो ।

कोभिड-१९ को जोखिम रहेकाले मुलुकमा जथाभावी मानिस प्रवेश गर्दा र हिँड्डुल गर्दा रोग फैलनसक्ने खतरालाई मध्यनगर गरी सरकारले मंगलवार बिहान ६ बजेदेखि लागू हुने गरी अत्याश्यक अवस्थाबाहेक घरबाट बाहिर ननिस्कन सरकारले आदेश जारी गरेको थियो । चैत १८ गते विहान ६ बजेसमम उक्त आदेश लागू हुनेछ । आफू पनि सुरक्षित रहुँ र अरुलाई पनि सुरक्षित राखौं भन्ने मनसायका साथ सरकारले आव्हान गरेको हो, मंगलवारको सुरक्षा अबस्था र सीमामा भइरहेको गतिविधिको बैठकमा समीक्षा पनि भयो, नागरिकको साथ छ भन्ने निष्कर्ष छ- बैठकपछि मन्त्री खतिवडाले भने ।

उनले पूर्वसूचना नपाएर वा अन्य कारणले यात्रा कायमै राखेर आएका नेपाली दक्षिणी सीमा क्षेत्रमा बसेको जानकारी आएकाले बीच बाटोमा अलपत्र नपरुन् भनेर अन्तिमपटक एक दिनका लागि आउन खुला गर्ने निर्णय बैठकले गरेको जानकारी दिए । उनीहरुलाई नेपाली हो भन्ने परिचय पत्र हेरेर मात्रै छाडिने छ ।

कतिपय स्वास्थ्य उपकरणहरुको स्थानीय बजारमा आपूर्ति नभएको अबस्थामा अन्तर्राष्ट्रिय बजारबाट छिटो ल्याउनुपर्ने आवश्यकता महशुस गरी सरकारले निजी क्षेत्रबाट ल्याउन आव्हान गर्ने निर्णय पनि गरेको छ । आपूर्तिलाई सहज बनाउन उक्त निर्णय गरेको मन्त्री डा. खतिवडाले बताए ।

सरकारले चीन र भारतबाट मेडिकल किट ल्याउने विषयमा पहल गरिरहेको समेत उनले जानकारी दिए । सरकारीस्तरबाट समय लाग्न सक्ने भएकाले निजी क्षेत्रले ल्याउन सक्ने भए त्यसका लागि समेत प्रस्ताव ल्याउन सरकारले आव्हान गरेको उनले जानकारी दिए । उनीहरलाई हवाईलगायत अन्य सेवा आवश्यक भए नेपाल सरकारले सहयोग गर्ने जनाएको छ ।

अत्यावश्यक बाहेक बाहिर ननिस्कुन र अत्यावश्यक बाहेक गाडी नचलाउनु भनेर सरकारले गरेको आव्हानलाई आम-नेपालीले पालना गरेर अपेक्षामा साथ दिएको भन्दै सरकारले धन्यवाद समेत दिएको छ ।

**सरकारी कोषमा रकम जम्मा गर्नुपर्ने**

सरकारले कोरोना भाइरस रोकथाम तथा नियन्त्रण सम्बन्धी केन्द्रीय कोष बनाइसकेकाले सबैलाई उक्त कोषमा रकम जम्मा गर्न आव्हान गरेको छ । यसअघि कोष खडा गरेर जम्मा गरिएको रकम एक हप्ताभित्र कोषमा जम्मा गर्न समेत सरकारले आग्रह गरेको छ । कुनै संस्थाले कोष खडा गरिसकेको रहेछ भने आफू मातहतका संस्था, कर्मचारी र निकायका व्यक्तिको रकम मात्रै सङ्कलन गर्नुपर्ने हुन्छ, तर त्यो केन्द्रीय कोषमा हरेक हप्ता जम्मा गर्नुपर्छ- बैठकको निर्णयबारे जानकारी दिँदै मन्त्री डा. खतिवडाले भने ।

बीर अस्पताल, धुलिखेल अस्पताल र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रोगको परीक्षणका लागि तत्कालै यन्त्र उपकरण जडान गर्ने र त्यो नबन्दासम्म सवारी साधनको माध्यमबाट टेकूस्थित केन्द्रीय जनस्वास्थ्य प्रयोगशालामा छिटो भन्दा छिटो परीक्षण गर्ने व्यवस्था मिलाउने निर्णय पनि सरकारले गरेको छ ।

बैठकमा मंगलवारको अबस्थाबारे समीक्षा भएको जानकारी दिँदै मन्त्री डा. खतिवडाले नागरिकको सुरक्षाका लागि सरकारले काम गरेको र आपतकालिन कर्फ्यू लगाएको अवस्था नभएकाले अझै कडाइ गर्नुपर्ने आवश्यकता नरहेको निष्कर्ष समेत निकालेको जानकारी गराए । तर, केही छिटफुट कमीकमजोरीलाई भने सच्याएर जाने सरकारले बताएको छ ।

मन्त्री डा. खतिवडाले भने- भीडभाडमा हिँड्दा संक्रमण हुन्छ कि भन्ने हो, जोखिम नलिऔं भनेर आव्हान गरिएको हो, नागरिकले पालना गरिरहेका छन्, कहीँ कतै यस्तो अवस्था भएमा सच्चाएर सरकार अघि बढ्छ ।

सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी कोभिड-१९ को रोकथाम र निर्मूल गर्न अत्याश्यक अवस्थाबाहेक घरबाट बाहिर ननिस्कन आदेश जारी गरेको हो ।

आदेशमा ‘औषधोपचार, खाद्यवस्तु खरीदजस्ता अत्यावश्यक कामबाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कन’ भनिएको छ । अनुमतिप्राप्त सवारी साधन, स्वास्थ्यकर्मी र सुरक्षा निकायले प्रयोग गर्नेबाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुबाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाइने पनि आदेशमा उल्लेख छ । आदेश जारी भएसँगै सुरक्षा निकायबाट प्रयोग हुने वायुयान र तोकिएका अन्य उडानबाहेक अन्य सबै आन्तरिक व्यावसायिक उडान बन्द गर्नुपर्नेछ ।

स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दूध, विद्युत् दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहोरमैला व्यवस्थापनजस्ता अतिआवश्यक सेवाबाहेक अन्य कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी मात्र उपस्थित हुनेछन् ।

औषधि तथा स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दूध, इन्धन उत्पादन गर्ने उद्योगबाहेक निजी क्षेत्रबाट सञ्चालित अन्य उद्योग, कलकारखानामा काम गर्ने श्रमिक र कर्मचारीलाई बिदा दिन आदेशमा भनिएको छ । औषधि र औषधिजन्य सामग्रीको नियमित आपूर्तिको व्यवस्था गरिने तथा अभाव देखाई मूल्यवृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारवाही गरिने आदेशमा भनिएको छ ।

### लकडाउन ...

माछामासुमा रोक लगाइएपछि चोरी निकासीको बाटोबाट व्यापारीले माछा भित्र्याउन खोजेको प्रहरीले जनाएको छ ।

**दमकमा ३० लाखको कोष**

दमक नगरपालिकामा कोरोना संक्रमणबाट बच्न ३० लाख रुपैयाँको कोष खडा गरिने भएको छ । कोषमा जनप्रतिनिधिको एक महिनाको तलव र कर्मचारीको १० प्रतिशत तलव जम्मा गरिने भएको छ ।

त्यस्तै क्वारेन्टाइन निर्माणका लागि दमक-४स्थित दाहाल प्रतिष्ठानको भवन प्रयोग गर्ने नगरपालिकाले निर्णय गरेको छ । क्वारेन्टाइन निर्माणका लागि रेडक्रससंग समेत सहयोग मागिने निर्णय भएको जनाइएको छ । दमक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिनाका अनुसार नगर प्रमुख रोमनाथ ओलीको संयोजकत्वमा नगर स्तरीय समन्वय समिति पनि बनेको छ । ३० लाख रुपैयाँको कोष कोरोना भाइरस संक्रमण हुन नदिन उपयोग गर्ने उद्देश्यले निर्माण भएको हो ।

**धर्मको नाममा अफवाह फैलाउने पक्राउ**

कोरोना भाइरसको सम्भाव्य जोखिमलाई दृष्टिगत गरी सरकारले लकडाउन गरिरहेका अवस्थामा पोखरामा धर्मको नाममा अफवाह फैलाएको भन्दै एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जुम्ला स्थायी घर भई पोखरा महानगरपालिका वडा नं. ३२ खुदी सुकुम्बासी टोल बस्ने प्रशान्त कटनी मण्डली पोखरा-२९ पावरहाउसको पास्टर ३२ वर्षीय केशब आचार्यले मानिस जम्मा गरी धर्मको नाममा अफवाह फैलाएका कारण पक्राउ गरिएको कास्की प्रहरीका प्रवक्ता प्रनाउ राजकुमार केसीले जानकारी दिए ।

कोरोना भाइरसबाट उत्पन्न विपद्को लाभ लिई भ्रमपूर्ण अभिव्यक्तिको भिडियो बनाई युट्युव तथा सामाजिक सञ्जालमा राखेको र शेयर गरी धर्म प्रचारप्रसार गरेका कारण निजकै घरबाट पक्राउ गरी कानूनी कारवाही अगाडि बढाइएको केसीले जानकारी दिए ।

### झापाका ...

गराइयो । बिज्ञप्तिमा बन्द भएका पत्रिकाको सूचना विभाग र प्रेस काउन्सिलको वर्गीकरण मूल्याङ्कनमा सहजीकरण गर्न नेपाल पत्रकार महासंघलाई आग्रह गरिएको छ ।

झापाका दैनिक तथा साप्ताहिक पत्रिकाले नेपाल पत्रकार महासंघ, प्रेस काउन्सिल नेपाल र सूचना तथा प्रशारण विभागलाई अलग-अलग ध्यानाकर्षण पत्र दिएका छन् । झापामा ९ वटा दैनिक पत्रिका छन् भने १८ भन्दा बढी साप्ताहिक पत्रिका प्रकाशन हुँदै आएका छन् ।

**चार बुँदे ध्यानाकर्षण-पत्रमा के छ ?**

१. पत्रिका छपाइका लागि आवश्यक पर्ने न्यूजप्रिन्ट, मसी, केमिकल, इन्धन लगायतका अत्यावश्यक सामग्रीहरुको बजारमा अभाव भएको हुँदा पत्रिका छपाइ गर्न असहज परिस्थिति सृजना भएको छ ।

२. कोभिड-१९ (कोरोना भाइरस) को सङ्क्रमणबाट जोगिन सरकारले चैत १८ गतेसम्म लकडाउनको आदेश दिएको अवधिभर दैनिक पत्रपत्रिका प्रकाशित हुन कठिनाई हुने भएको हुँदा चैत महिनाभरको पत्रिकाको पीडीएफ कपी प्रेस काउन्सिलको वेबसाइटमा अपलोड नभए पनि हुने र क्षेत्रीय सूचना केन्द्र विराटनगरमा चैत महिनाको पत्रिका नपुर्‍याए पनि हुने सुविधा दिइयोस् ।

३. चैत महिनाभर पीडीएफ अपलोड नगरेको, सूचना केन्द्र वा काउन्सिलको लाइब्रेरीमा पत्रिका दर्ता नगरेको भए पनि लोककल्याणकारी विज्ञापन लगायतका सुविधा वापतको रकम उपलब्ध गराउने व्यवस्था गरियोस् । उक्त समस्याका कारण बन्द भएका अंकले वार्षिक अंक तालिका कम भए पनि प्रेस काउन्सिलले मूल्यांकनमा मान्यता दियोस् ।

४. सम्परीक्षणमा चैत्र महिनाको पत्रिकाको अंक अपुग भएता पनि गणना पुगेसरह मान्यता दिइयोस् ।

### खोटो ...

काठमाडौंस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पलामा नमूना पठाउनुपर्ने हुन्छ- डा. ठाकुरले भने- सबै आन्तरिक उडान बन्द भएका कारण हामीलाई समस्या भएको हो । यता भारत लगायत विभिन्न देशबाट आएका १६ जना नेपालीलाई मेचीनगरपालिकाले धाइजनमा रहेको क्वारेन्टाइनमा राखेको छ ।

त्यस्तै विभिन्न देशबाट आएका ४० जना नेपालीलाई होम क्वारेन्टाइनमा राखिएको जिल्ला विपद् व्यवस्थापन समितिका सचिव चम्लागाँईले जानकारी दिए । उनका अनुसार बुद्धशान्ति गाउँपालिकामा १३, भद्रपुरमा सात, बिर्तामोडमा एक, झापामा १४, हल्दिवारीमा दुई, अर्जुनधारामा दुई र दमकमा एक जना होम क्वारेन्टाइनमा रहेका छन् ।

### रोगभन्दा ...

छ । सचेतनाका लागि नागरिकहरुले नागरिकका लागि भन्दै सामाजिक सञ्जालमा विभिन्न चेतनामूलक र जानकारीमूलक सन्देश पनि समावेश गर्न थालेका छन् । यस्तो संवदेनशील घडीमा सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट गलत सूचना र अफवाह फैलाउनेलाई कानूनी काराबाहीको प्रक्रिया पनि अघि बढेको छ ।


**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा–९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारीक प्रयोजनको लागि भिटाहरु एकमुष्ट वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल ११ कठ्ठा

सम्पर्कः नरेश श्रेष्ठ (मो. नं. ९८४२६२४१५०,९८१७०२१८५५)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो म्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## लकडाउन प्रभावकारी बनाऔं

**सरकारले कोरोना भाइरसको संक्रमण नियन्त्रण गर्न देशभर लकडाउन गरेको छ । मंगलवार बिहान ६ बजेबाट शुरु भएको लकडाउन प्रभावकारी भएन भने सरकारको भाइरसविरुद्धको अभियान सफल नहुन सक्छ । त्यसो हुनु भनेको आम मानिसको असामयिक, अकल्पनीय र अकाल मृत्यु स्वयम्ले स्वीकार गर्नु हो । चिनबाट शुरु भएको संक्रमणले महामारीको रुप लिइसकेको सन्दर्भमा सरकारले देशभरका अत्यावश्यक सेवा बाहेकका सबै बन्द गर्ने निर्णय गरेको छ । 'होम क्वारेन्टाइन' सरहको यो बन्दले भाइरसको विस्तार रोक्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।**

**भद्रतापूर्वक गरिएका आन्दोलन हुन् या सरकारका तर्फबाट गरिने आग्रह कतिपयका लागि अस्वीकार्य हुने गरेको छ हामी कहाँ । सरकारले निर्देशन गरेका आठ बुँदे निर्णयमा समेत सरकारी कार्यालयहरु खुल्ला रहँदा आवागमन बढ्ने भन्दै बन्द गराइएको छ । तर, सडक बन्द छैनन्, आवागमन रोकिएको छैन । बिना अर्थ, जित्नकै लागि, अवज्ञा गर्नकै लागि भए पनि सवारी गुडाउने नेपाली मानसिकतालाई बातले नियन्त्रण गर्न गाह्रो छ । सायद यस्तै अवस्थाका कारण भारतको पश्चिम बंगाल, पञ्जाव लगायतका राज्यहरुमा प्रहरीले सडकमा बल प्रयोग गरिरहेको छ । त्यसबाट हामीले सिक्नुपर्ने भएको छ ।**

**एउटाको गल्तीको सजाय अरु कोही निर्दोषीले भोग्नु नपरोस् यसका लागि सबै गम्भीर हुनुपर्दछ । सेवा प्रदान गर्न नगइ नहुने अस्पताल, प्रहरी, सेना, चिकित्सक, विद्युत्, खानेपानी लगायतका सेवा प्रदायकहरुले समेत बिदा पाउने हो भने महामारीको रुप कस्तो होला अकल्पनीय छ । त्यसैले इमान्दार र असल नागरिकको पहिचान संकटका बेला हुन्छ । हामी सबैले सरकारको यो आव्हान र निर्देशनलाई असल नागरिकका रुपमा पालना गर्नुपर्दछ ।**

**खासगरी प्रौढ, बिमारी र बालबालिकासँग रोग प्रतिरोधी क्षमता कम हुने कारणले उनीहरुको स्वास्थ्य रक्षाका लागि समेत सबैले गम्भीर हुनुपर्दछ । राम्रा मुखले भएन भने हतियार प्रयोग गरेर भए पनि बाँच्न नभइनहुने वस्तु बाहेकका सेवा बन्द गर्नुपर्दछ । पत्रपत्रिका, नोटहरु समेत भाइरसको बाहक हुने भनिएको सन्दर्भ पनि बिर्सिनुहुँदैन । त्यसैले यो संकट सबैको सहकार्य, सहयात्रा र सहभावनाले मात्र टार्न सकिन्छ, सबैले आत्मसात गरौं ।**

# खड्किएका कुरा



चिन्तामणि दाहाल

हरेक दिन नेपाल मात्र होइन विश्वमै कोरोना भाइरस बाहेकका प्रसंग कमै सुनिएका, देखिएका र पढिएका छन् । कोरोना भाइरसको शुरुवात भएको देश चिनको वुहानमा लगभग नियन्त्रणमा आएको बताइएको छ तर, युरोपमा यसको प्रभाव विस्तारको क्रममा छ ।

चिनमा भाइरसको संक्रमण र संक्रमणबाट मान्छेको ज्यान जान शुरु गरेको पनि अहिले तीन महिना पुग्न लागेको छ । शुरुमा चिन सरकारले भाइरसको संक्रमण भएको लुकाउन खोज्दा यसको संक्रमण भयावह भएर सम्हालिन नसक्ने अवस्थामै पुगे पनि ३ हजार २ सय भन्दा बढीले शहादत पाएपछि अहिले सम्हालिन पुगेको भनिएको छ । तर, बन्द समाज भएको चिनबाट आएको समाचार खटाई-खटाई आउने भएकोले विश्वास गर्ने कि नगर्ने भन्ने तर्क र आशंका नभएको होइन । जे होस् सरकारी आंकडालाई मान्नुको विकल्प छैन ।

चिनमा शुरु भएको कोरोना भाइरस कसरी एकाएक युरोप, अमेरिका हुँदै बाँकी विश्वमा फैलिए पनि अहिलेसम्म रुसमा एकजनाको मात्र मृत्यु हुनुलाई कसरी हेर्ने त्यो अलग्गै पाटो छ । त्यसैगरी अहिलेसम्म नेपालमा एउटामा मात्र देखिनु र त्यो पनि निको भएको अवस्थालाई पनि खुशी मान्नु पर्छ ।

अमेरिका जस्तो सबै कुरामा सम्पन्न देशमा पनि कोरोनाले ५० वटै प्रान्तमा फणा फैलाउन पुग्नुको कारण बारे अनुसन्धान हुँदै जाला । तर, तीन महिना पुग्न लाग्दा यसविरुद्ध ओखती बनाइएको बताइएको छ । एउटा त अमेरिकामा र अर्को चिनमै ओखती बनाइएको र मानवमा परीक्षण गरिएकोले केही महिनामा त्यसले सुखद् समाचार ल्याउला भन्ने आशा र विश्वास गर्नुको विकल्प पनि हामीसँग छैन । तर, भाग्यमानी हामी नेपालीहरुले र हाम्रा सरकारहरुले गर्न नसकेको, गर्न ध्यान नपुऱ्याएको र अझै चेत नखुलेको विषय भने असाध्यै खड्किएका कुरा हुन् ।

**खड्किएका कुरा :**

१) हाम्रा सरकारहरुले थुप्रै अस्पताल बनाएका छन् । २०४७ सालको परिवर्तनपछि निजी क्षेत्रले पनि अत्याधुनिक भन्दै क्लिनिक र ठूला-ठूला अस्पताल बनाएका छन् । अझ बनाउँदैछन् । तर, उनीहरुले रोग पत्ता लगाउन परीक्षण गर्ने प्रयोगशाला र ती प्रयोगशालमा दक्ष जनशक्ति र आवश्यक उपकरण भने राख्न सकेका रहेनछन् ।

अहिले कोरोनाको परीक्षण गर्ने बेलामा पो यो कुरा असाध्यै खड्कियो । धन्न टेकुमा एउटा प्रयोगशाला बनाएको रहेछ । अरुतिर शून्य । न सरकारी अस्पताल, न विश्वविद्यालयका शिक्षण अस्पतालहरु, न अरबौं लगानी गरेर बनाइएका भनिएका निजी अस्पताल र प्रयोगशालाहरु कुनैले



पनि सबै किसिमका रोग परीक्षण गर्ने प्रयोगशाला बनाउने र तिनमा उपकरण राख्ने तथा दक्ष जनशक्ति राख्ने काम नै गरेका रहेछन् । अर्थात् आम नेपाली नागरिकहरुलाई सुविधा र उपचार दिनेभन्दा झुक्याउने एवम् अल्मल्याउने प्रयोगशाला मात्रै पो राखेका रहेछन् ।

यसले के देखायो भने हाम्रा शिक्षण अस्पतालबाट उत्पादित ल्याव हेर्ने जनशक्तिलाई उचित शिक्षा दिइएको छैन न त चिकित्सक चाहे ती व्याचलर्स तहका हुन् अथवा मास्टर्स तहका हुन् तिनीहरु पनि दक्ष छन् भन्ने विश्वास गर्ने ठाउँ देखिएन । यस कमजोरीलाई कसले सुधार्ने होला ? प्रश्न खडा भएको छ । यो एउटा सरकारको मात्र कमजोरी होइन । यसका लागि लामो समयदेखिका सरकारका श्रृंखलाहरु छन् । दलहरु त्यत्ति नै दोषी छन् भने दलका शीर्ष नेता भनाउँदाहरु झन् बढी दोषी छन् ।

कोरोना संक्रमणको रगत जाँच्ने आवश्यक प्रयोगशाला बनाउन, तिनमा उपकरण थप्न र आवश्यक दक्ष जनशक्ति अहिलेको समयमा थप्न धेरै समय चाहिँदैन । अस्पतालमा भएकै प्रयोगशालालाई अपग्रेड गरेर उपकरण थपेर दक्ष जनशक्ति भर्ना गर्ने वित्तिकै थोरै समयमा सकिन्छ भन्छन् चिकित्सकहरु नै । तर, कहिले घैंटामा घाम लाग्ला सरकार र सल्लाहकारहरुको र प्रमुख प्रतिपक्षसहितका विपक्षी दलका नेताहरुको ? अत्याधुनिक प्रयोगशाला भनेको जुनसुकै तहको पठनपाठन हुने शिक्षण अस्पताल र कमसेकम अञ्चल अस्पताल भनाउँदामा हुनुपर्ने हो ।

अहिले विभिन्न प्रदेशका केही अस्पताल र शिक्षण अस्पतालमा प्रयोगशाला अपग्रेड गर्ने कुरा उठेको छ । तर, त्यो सिद्धान्तमा मात्र नहोस् । अर्थमन्त्रालयका कर्मचारीहरुले रकम निकासा नगरिदिएर काम भएन भन्ने समाचार बाहिर नआओस् । अर्थात् खेलाडीलाई पुरस्कार दिने घोषणा गरेर अहिलेसम्म पुरस्कार नदिएको जस्तो नहोस् । अब त अहिलेको संकट र त्रासबाट शिक्षा लेउ सरकार ।

२) कोरोना भाइरस महामारी घोषणा भएको पनि महिना दिन पुग्दैछ । नेपालका अस्पतालहरुमा अहिले पनि चिकित्सकहरुले अतिआवश्यक एप्रोन र ग्लोब्स पाउन सकेका छैनन् । स्पिरिटको पनि अभाव हुन थालेको सुनिएको छ । आइसोलेसन वार्ड बनाउन सरकारले खोइ त बजेट निकासा गरेको ? काम थाल्ने बित्तिकै रकम गनिहाल्नुपर्छ काम गराउनेहरुले । उनीहरुले त्यत्रो पैसाको व्यवस्थापन कसरी गर्न सक्लान् ? राजधानीमा बसेर श्रोत साधन नदिई निर्णय गर्दैमा कार्यान्वयन हुन्छ भन्ने ठान्नु नै ठालुपन हो । अहिले त्यही ठालुपन देखाउन थाल्यो भन्छन् स्वास्थ्यकर्मीहरु ।

नाकामा होस् वा विमानस्थलमा खटाइएका स्वास्थ्यकर्मीहरु हुन् उनीहरुलाई पालो दिने पनि व्यवस्था गर्नुपर्छ होला । अतिरिक्त पैसा पनि दिनुपर्छ होला । तर, यी दुबै कुरा नहुँदा चेकजाँच फितलो भएको छ । अविकशित देशका मान्छेहरु त जहिल्यै पनि कानून र व्यवस्था तोड्नुलाई गर्व गर्छन् । मलाई त पुलिसले चेक गरेन भनेर मख्ख पर्छन् र आफू ठूलो भएकोमा खुशी हुन्छन् । पुलिस पनि कडाई गर्ने मुडमा नभएको देखियो कतिपय नाकाहरुमा । कति त चेकजाँच गर्ने मेसिन नै अति थोरै भएपछि चेकजाँच नै प्रभावी हुन सकेन । यो अवस्था पूर्वको काँकरभिट्टामा पनि देखियो भने पश्चिमको गड्ढाचौकी नाकामा पनि देखियो । सेल्फ आइसोलेसनमा बस्न भरिएका फर्म सबै कलेक्ट भएनन् । फर्म नबुझाउनुलाई ती महानुभावहरुले गर्व गरेको पनि देखियो ।

३) दैनिक उपभोगका सामानको अभाव र भाउ बृद्धि रोक्छु र गलत गर्नेलाई कार्बाही गर्छु भन्ने सरकारका आपूर्तिमन्त्री मन्त्रालयमा निर्णय गर्नुमै मख्ख हुँदा आलुको भाउ आकाशिँदा केही गर्न नसक्ने अवस्थामा पुगे ।

दाल चामल खासै अभाव छैन होला मधेश र काठमाडौंमा । तर, अन्यत्र समस्या शुरु भएको छ । यातायात बन्द गर्नु अघि त्यसको व्यवस्थापन गरेको देखिएन । जसले गर्दा यस्तो भयो । मुखले अभाव छैन भनेर भएन । व्यवहारमा अभाव छ ।

आवश्यक उपकरण र स्वास्थ्य सामग्री र औषधि अब मागेर कहिले आइपुग्छ थाह छैन । चिनले १५ दिनअघि नेपाललाई सहयोग गर्छु भनेको हो भने भारतले पनि । तर, २४ घण्टाभित्र पठाउनु सकिने लिष्ट भर्खर परराष्ट्र पुग्दैछ । त्यहाँबाट दुतावास पुग्न कति दिन लाग्ला पत्तो छैन । विगतमा एउटै कार्यालयभित्र अर्को शाखामा १५ दिन पुग्दा पनि पत्र नपुगेका उदाहरण हामीसँग छ । यो त्यस्तै नहोस । इनार खन्न थालेर कसरी जुध्न सकिएला कोरोनासँग ।

अन्त्यमा, खड्किएका कुरा धेरै छन् । गाली गर्न र समस्या देखाउन सजिलो छ । तर, संकट र संक्रमणका समयमा गर्नु पर्ने कामको प्रकृति अहिले पनि हाम्रो लोसे प्रशासनले छुट्याउन सक्ला नसक्ला यसै भन्न सकिन्न । धन्न कोरोना तिमी पसिहालेका छैनौ, अहिलेसम्म । गनिमत छ यसैमा । नपस्नु पनि हामी दीन दुःखीकोमा । हामीसँग तिम्रो कुनै वैरभाव छैन ।

# सहकारी र कोरोना



दिपेन्द्र राउत

सहकारीको विश्वको इतिहास र नेपालको सहकारीको शुरुवात नै विपत्ति, महामारीबाट शुरुवात भएको हुँदा सहकारी नै उत्तम विकल्प हुने कुरा इतिहासले प्रष्ट पारिसकेको छ । शोकलाई शक्तिमा, विपत्तिलाई संयमतामा परिणत गर्नका लागि सहकारी अगाडि बढ्नुपर्ने धारणा आएका छन् ।

विश्व स्वास्थ्य संगठनले कोरोनालाई विश्व व्यापी महामारीको रुपमा घोषणा गरिसकेको छ । विश्वभरि कोरोनाको प्रकोप बढ्दो रहेको छ । चिनको वुहान शहरबाट शुरु भएको यो रोगको संक्रमण विश्वभरि फैलिएको छ । विश्वलाई त्रसित बनाएको कोरोनाले सहकारीलाई के गऱ्यो होला ? विश्व बजारमा आर्थिकमन्दी ल्याइसकेको छ यो महामारीले । उद्योगधन्दा, कलकारखाना, लगायत अनिश्चितकालीन बन्द भइसकेका छन् । जसले गर्दा कैयौं मानिस रोजगारीबाट वेरोजगारी हुन थालिसकेका छन् । यि यस्ता घटनाले पनि आर्थिकमन्दी निम्त्याउँछन् । नेपालमा कूल जनसंख्याको २१ प्रतिशत जनसंख्यासंग प्रत्यक्ष जोडिएर सहकारीले कारोवार गरिरहेको छ ।

सहकारीमा ५० हजारले प्रत्यक्ष रोजगारी र ५ लाखले अप्रत्यक्ष रोजगारी पाएको तथ्याङ्क पाउन सकिन्छ भने कूल गार्हस्थ उत्पादनमा ५ प्रतिशत तथा वित्तीय क्षेत्रको पहुँचमा २० प्रतिशत योगदान गरेको बताइन्छ । वित्तीय कारोवार गर्ने बाणिज्य बैक, विकास वैक, लघुवित्त र कान्छो संस्था सहकारी भइरहँदा बाणिज्य बैंकपछि ठूलो वित्तीय कारोवार क्षेत्र सहकारी संस्थाहरु रहेको छ । बिभागको तथ्याङ्क अनुसार सहकारीमा ७३ अर्ब १७ करोड शेयर पुँजी ३ खर्व २ अर्ब बचत संकलन र २ खर्व ७३ अर्ब ऋण लगानी भएको छ । तर, यथार्थमा सहकारीमार्फत १० खर्व हाराहारीमा वित्तीय कारोवार हुने गरेको छ । तेस्रो खम्वाको रुपमा स्थापित सहकारी क्षेत्रलाई आर्थिक रुपमा बचाई राख्न विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसबाट कसरी सुरक्षित राख्ने भन्ने विषयमा छाता संगठनहरुले आवाज उठाउन थालेका छन् ।

सहकारीकर्मीहरुले चिन्तन र चासो लिने बेला आएको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणलाई रोक्न सरकारले अत्यावश्यक बाहेकका सेवाहरु चैत्र ९ गतेदेखि २१ गते सम्मका लागि बन्द गरेसँगै सहकारी संस्थाहरुमा सेवा कसरी नियमित रुपमा सञ्चालन गर्ने भन्नेबारेमा अन्यौल सृजना भएको छ । वित्तीय कारोवार गर्ने सहकारी संस्थाहरुले पर्याप्त तरलता नराख्ने सदस्यहरुको पैसा सदस्यहरुबीचमा नै लगानी गरिने र कोरोनाको त्रासले व्यापार व्यवसायमा मन्दीसंगै सदस्यहरुलाई दैनिक, साप्ताहिक, मासिक वचत गर्न अप्ठ्यारो हुने भएको हुँदा वित्तीय कारोवारलाई निरन्तरता दिन गाह्रो हुने आम सहकारीकर्मीहरुको ठम्याई हो । हालसम्म नेपालमा १ जनालाई कोरोना भाइरस पोजेटिभ देखिएको छ । खुला सीमा क्षेत्रले पनि नेपाल उच्च जोखिम हो भन्न सकिन्छ । देशमा रहेका ३५ हजारभन्दा बढी सहकारी संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक गतिविधि गरिरहँदा कोरोना भाइरसको रोगथामका उपायहरुका बारेमा आफ्ना सदस्यहरु माझमा सचेतना कार्यक्रमहरु गरेका छन् । राज्यले निर्दिष्ट गरेका निर्देशनलाई सहकारीले पूर्ण पालना गर्दै आएका छन् । सदस्यहरुसँग प्रत्यक्ष जोडिएर कारोवार गर्ने सहकारीले सदस्यहरुलाई कोरोना भाइरसका वारेमा सुसूचित गर्दै सदस्यहरुलाई कोरोना भाइरसबाट बचौं र बचाऔं भन्ने बारेमा जानकारी गराउनु सहकारीको मूल मर्म यो बेलाको आवश्यकता हो । सदस्यहरुको आर्थिक, सामाजिक विकास नै सहकारीको मूल ध्येय बनिरहँदा कोरोनालाई न्यूनीकरण गर्नु अहिले सहकारीको पनि कर्तव्य हो ।

महामारीबाट बच्न पैसा हैन सुरक्षा अपनाउनुपर्ने आज विश्वमा फैलिएको कोरोनालाई कन्ट्रोल गरेर चिनले पुष्टि गरिसकेको छ । त्यसैले पनि आम सदस्यहरुले यो कुरा बुझ्नु पर्दछ सुरक्षा अपनाउनु भन्दा अरु विकल्प कुनै हुन सक्दैन कोरोनाबाट बच्न र बचाउन । भीडभाड नगर्नु, भीडभाडमा नहिँड्नु, सेल्फ क्वारेन्टाइनमा बस्नु भनेर राज्यले भनिरहँदा सहकारीकर्मीहरुले पनि यसलाई अंगाल्नै पर्छ । देश आज कोरोना भाइरसले त्रसित रहँदा पैसाको चलखेल पनि अत्यधिक हुने गरेको छ । आवश्यक भन्दा वढी सामग्रीहरुको जोहो नगरौं आफूले आवश्यकभन्दा वढी सामान लिइरहँदा अरुलाई नपुग्न सक्छ बजारमा सामानहरुको अपुग हुन सक्छ । माग धेरै हुँदा मूल्यवृद्धि समेत हुने हुँदा सचेत रहन सम्पूर्ण सदस्यहरुलाई सुसूचीत गराउनु पर्दछ । विभिन्न सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुलाई कसैले व्याज मिनाह गरेको घोषणा गरे भने कतिले क्यासलेस कारोवारमा जोड दिएका छन् । सदस्यद्वारा नियन्त्रित सहकारी भएको हुँदा सदस्यहरुको सुरक्षा र चिन्ता सहकारी संस्थाहरुले लिनै पर्छ । सदस्यहरुले पनि सहकारी संस्थामा बचत गरेको रकमहरुलाई आवश्यकता भन्दा वढी निकाल्नु हुँदैन । विश्वभरि कोरोनाले त्रसित बनाउँदा वैक तथा वित्तीय संस्थाहरुलाई खासै प्रभाव परेको पाइएन किन होला भनेर बुझ्दा क्यासलेस विश्व बजार भएर होला भन्ने मेरो ठम्याइरह्यो ।

हाम्रो देशमा केही भइ सक्दा आवश्यकताभन्दा बढी सामग्री तथा पैसाको जोहो गर्ने परम्परा रहेको हुँदा पनि वैक वित्तीय संस्था तथा खाद्यान्नको



अपुग हुने गरेको पाइन्छ । यदि क्यासलेस भएर कार्य गर्ने हो भने नगद पैसा बोक्नै पर्दैन त्यसैले जति आवश्यक छ, त्यति नै मात्र खपत हुने हुँदा तरलताले खासै प्रभाव पार्दैन र वैक तथा वित्तीय संस्था दुर्घटनाको जोखिमबाट बच्न सक्छन् । कोरोनाको त्राससँगै सहकारीले डिजिटल कारोवार बढाउनुपर्ने भन्ने बारेमा पनि बहस र चर्चा चलिरहेको छ । बिपत्तिले मानिसलाई जोड्छ । आवश्यकता महशुस गराउँछ ।

सोही अनुरुप आजको आवश्यकता भनेको कोरोना भाइरसको रोकथाम नै मुख्य रहेको हुँदा सहकारी क्षेत्रले राज्यसँग हातेमालो गदै अगाढि बढ्नुपर्दछ । देशको सुरक्षा, सदस्यहरुको सुरक्षा गर्नका लागि समग्र सहकारी क्षेत्र एक ढिक्का भएर कोरोना भाइरसकोबिरुद्धमा लड्न अगाडि बढ्नु आजको आवश्यकता हो । जसरी सहकारीको इतिहास भनेको छ त्यसरी नै विपत्ति, महामारीको बिरुद्धमा लड्न सहकारी क्षेत्र सफल बन्न सकोस् आफू पनि बचौं, अरुलाई पनि बचाऔं । एकका लागि सवै सवैका लागि एक भन्ने सहकारीको मुल मर्मलाई कोरोनाबिरुद्धमा लगाई सहकारी क्षेत्रलाई अझ स्थापित गर्नु र आम मानिसमा सहकारीको मर्म र भावना अझ उच्च बनाउनु आजको आवश्यकता हो ।

## संस्कार बरदान कि कुरिती ?



कृष्ण आचार्य

विकासको वास्तविक अर्थ के हो ? के परिवर्तन नै विकास हो त ? कि सकारात्मक परिवर्तन चाहिँ विकास हो ? मात्र परिवर्तनलाई विकास मान्ने हामी क्रान्तिकारी बनाइएका छौँ अर्काले तेरो क्रान्ति भनेर घोकाइदिएको क्रान्ति आफ्नो क्रान्ति मानेर त्यसैमा आफूलाई विर्सिसकेका त छैनौँ ?

समयको माग र हाम्रो संस्कारमा भइरहेको गैरमागरुपी परिवर्तनबीचको भिन्नतालाई मैले बुझ्ने कुनै फरमुला पत्ता लगाउन सकिरहेको छैन । आज हामी परिवर्तनको नाममा ठूलो फड्को मारियो भन्दै विकास प्राप्त गरेको भन्दै गर्दा त्यही परिवर्तन विकास हो कि विकृति हो ? ठम्याउन सकेका छैनौँ । हाम्रा पूर्खाले शौचालय जाँदा लगाउने छुट्टै कपडा, खाना पकाउँदा छुट्टै, सुत्न जाँदा छुट्टै कपडा लगाउने, बिहानै पहिलो प्रहरको स्नान, चर्पी गइसकेपछि नुहाएरमात्र गृहप्रवेश, मलामी गएर आउँदा नुहाएर जनै फेरेर आगो छोएर मलामी जाँदा घाटसम्म पुगेका सम्पूर्ण कुरालाई शुद्ध पारेर मात्र गृहप्रवेश, आफ्नो आराध्य भगवानलाई सम्झिन जाँदा लगाउने कपडा छुट्टै, कसैलाई नछोइकन एक्लै गर्ने ध्यान जस्ता संस्कारका कुराहरु हाम्रा लागि बरदान कि कुरिती हुन् ? के शुद्धताका नियम कुरिती हुन् ? हाम्रा संस्कार र संस्कृतिमा एक से एक शुद्धता र रोगप्रतिरोधात्मक क्षमता वृद्धिका उपायहरु थिएन त ? उबेलाका बिहान उठ्दादेखि बेलुका सुत्दासम्मका नित्य कर्मका नियमहरुमा आज विश्वले रिफर गरिरहेको सेल्फ क्वारेन्टाइन भेटिदैनन् र ? हाम्रा आमा बुवा हजुरबुवाहरु सँधै सेल्फ क्यारेन्टाइनमा थिए भन्ने कुरा वर्तमान विश्वले प्रष्ट पारिसकेको छ ।

भोजन गर्दा कुशको पिरामा धोती लगाएर पलेंटी मारेर बस्ने संस्कारलाई वाइयात मानी डाइनिङ टेवल रोज्ने हामीले कुशासनको बैज्ञानिक महत्वलाई बुझ्न सकेनौँ होइन बुझ्न नै खोजेनौँ । त्यस बेलाका समयमा मेरो घरमा खेतला आउने सबै गाउँभरिको माल्दाइ भनेर चिनिने भुजेल माल्दाइले घाम हेरेर कति बज्यो भनेर लगाएको अड्कल अड्कल नभएर वास्तविकतामै त्यति नै बजेको हुन्थ्यो भन्ने कुराको साक्षी त म

(बाँकी पृष्ठ ३मा)



**महामारी रोकथामका लागि एक प्रयास**: विश्वभरि फैलिएको महामारी कोरोना भाइरस संक्रमणबाट केही हदसम्म बचाउनको लागि नेपाल पेट्रोलियम डिलर्स एसोशिएशन झापाको तर्फवाट नेपाल यातायात स्वतन्त्र मजदुर (ट्याङ्कर चालक संघ) चारआलीमा संघका अध्यक्ष तोपप्रसाद दुलाललाई संघमा आवद्ध ५५ जना चालक र सह–चालकलाई मास्क, सेनिटाइजर उपलब्ध गराउँदै एशोसिएशनका अध्यक्ष नवीन कोइराला, महासचिव बिनोद बस्नेत लगायतका पदाधिकारीहरु । ट्याङ्कर चालकहरु दैनिक भारत जाने आउने गर्नुपर्दा कोरोना भाइरस सर्न र सार्न सक्ने जोखिम धेरै छ । **तस्वीर : विनोद पाण्डे/पूर्वाञ्चल**

# तरकारी र फलफूलको मूल्य बृद्धि

**काँकरभिट्टा, चैत ११।** केहीदिन यतादेखि बजारमा तरकारी र फलफूलको मूल्यमा बृद्धि भएको छ ।

जिल्ला प्रशासन कार्यालय झापा र मेचीनगर नगरपालिकाको नेतृत्वमा भएको बजार अनुगमनका क्रममा यस्तो फेला परेको हो ।

काँकरभिट्टाका तरकारी र फलफूल व्यवसायीले थोक बिक्रेताले नै मूल्य बढाएपछि खुद्रा व्यापारीले मूल्यबृद्धि गर्नुपरेको बताए । फलफूलमा स्याउ, सुन्तला तथा तरकारीमा आलु, टमाटरलगायतका वस्तुमा एक्कासी मूल्य बढेको टोलीले फेला पारेको थियो । दुई हजार पाँच सय रुपैयाँको क्रेडको सुन्तला ६ हजार पाँच सयसम्म पुगेको छ ।

अनुगमन टोलीले यस्तो परिस्थितिमा व्यवसायीले आफ्नो मनखुशी मूल्य बृद्धि गरे कारवाही गर्ने भन्दै सजग समेत गराएको छ । टोलीले कोशी, त्रिशक्ति, मेची ग्यासको आधिकारीक डिलर तथा केही औषधि पसलको अनुगमन गरेको थियो । ती डिलरहरुले ग्यासको अभाव नहुने विश्वास दिलाएका थिए ।



टोलीमा मेचीनगर नगरपालिका उपप्रमुख मीना पोखरेल उप्रेती, जिल्ला प्रशासन कार्यालय झापा अधिकृत लक्ष्मीप्रसाद खरेल, नायव सुब्बा मेघराज निरौला, घरेलु कार्यालयका बिनोदप्रसाद न्यौपाने, आन्तरिक राजश्व कार्यालय मेचीका नायव सुब्बा बालकृष्ण दंगाल, मेचीनगर नगरपालिका खाद्य अधिकृत दीपेन्द्रकुमार कार्की, मेचीनगर नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेती, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव निरीक्षक डम्वरबहादुर वस्नेतलगायतको सहभागिता रहेको थियो ।

## जंगलमा मृत फेला

**सोलुखुम्बु, चैत्र ११।** सोलुखुम्बुको थुलुङ दुधकोशी गाउँपालिका-१ नेलेका ६० बर्षीय धनबिर कामी मृत फेला परेका छन् ।

गत चैत्र ५ गते दिउँसो घरबाट निस्किएका धनबिर जुभिङ सामुदायिक वनमा रहेको खोल्सामा मृत फेला परेका हुन् । घटनाको जानकारी पाएसँगै इलाका प्रहरी कार्यालय लुक्लाबाट गएको प्रहरीको टोलीले कानूनी प्रकृया पूरा गरी घटना बारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

## आगलागीबाट १५ लाख बढीको क्षति

**उदयपुर, चैत्र ११।** उदयपुरको त्रियुगा नगरपालिका-२ जोगीदहका हर्कबहादुर बिष्टको घरमा आगलागी हुँदा करिव १५ लाख बराबरको क्षति भएको छ ।

घरमा बिद्युत् सर्ट भई अचानक आगलागी हुँदा निजको सेन्टिबेराको २ तले कच्ची घर जलेर पूर्ण रुपमा नष्ट हुँदा उक्त मूल्य बराबरको क्षति भएको हो ।

आगलागीबाट बिष्टको गोठमा रहेको १ वटा बाख्रा मरेको छ । उक्त आगलागी प्रहरी टोली र स्थानीयवासी समेतको सहयोगमा नियन्त्रणमा आएको थियो । आगलागीबाट मानवीय क्षति नभएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

## दुर्घटनामा मृत्यु

**ओखलढुङ्गा, चैत्र ११।** ओखलढुङगा मानेभञ्ज्याङ-५ की २५ बर्षीया पबित्रा राईको मोटरसाइकल दुर्घटनाबाट मृत्यु भएको छ ।

मानेभञ्ज्याङ जेरुङ गाउँस्थितमा हर्कपुरबाट मानेभञ्ज्याङतर्फ आउँदै गरेको ना६त ७३६० नम्बरको ट्याक्टर र बिपरीत दिशाबाट आउँदै गरेको बा६३प ९३५५ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा पछाडि सवार रहेकी पबित्रा राईको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाले जनाएको छ । मोटरसाइकल चालक सोही स्थानका २४ बर्षीय सुजन राई र सोही मोटरसाइकल पछाडि नै सवार रहेका अर्का १९ बर्षीय सनम राई घाइते भएकोमा उनीहरुको मिसन अस्पतालमा उपचार भइरहेको छ । ट्याक्टर र ट्याक्टर चालक नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

## कोषमा कांग्रेस सांसदको १५ दिनको पारिश्रमिक

**झापा, चैत ११।** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संघीय सांसदले नेपाल सरकारद्वारा स्थापना गरिएको 'कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा १५ दिनको पारिश्रमिक बराबरको रकम सहयोग गर्ने भएका छन् ।

सरकारद्वारा स्थापना गरिएको उक्त कोषमा कांग्रेसका संघीय सांसदले उक्त रकम दिने निर्णय भएको पार्टीका प्रमुख सचेतक बालकृष्ण खाँडले जानकारी दिए ।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस रोगको संक्रमण फैलन नदिन तथा सम्भावित जोखिमलाई मध्यनजर गर्दै सरकारले एक हप्ताको लागि देशभर लकडाउन गर्ने निर्णय सकारात्मक भएको उल्लेख गर्दै कांग्रेस संसदीय दलले सो निर्णयलाई पूर्णरुपले पालन गर्न सबैलाई आग्रह गरेको छ ।

लकडाउनको अवस्थामा दैनिक श्रम गर्दै जीवन निर्वाह गर्ने श्रमिकलाई जीवनयापन गर्न कठिनाई हुने भएको हुँदा श्रमिकलाई सहजरुपमा खाद्यान्न उपलब्ध गराउने व्यवस्थाका लागि सकारसँग आग्रह गर्दै कांग्रेस ससंदीय दलले वर्तमान विषम परिस्थितिमा सम्पूर्ण नेपाली एकजुट भई धैर्यसाथ चुनौतिको सामना गर्न अपिल समेत गरेको छ ।

## पानीट्यांकी नाकामा एक सय नेपाली अलपत्र

**झापा, चैत ११।** भारतबाट फर्केका सयभन्दा बढी नेपाली सीमावर्ती पानीट्यांकी नाकामा अलपत्र परेका छन् ।

मंगलबार बिहानै पानीट्यांकी आइपुगेका उनीहरु नेपाल प्रवेशको अनुमति पर्खिरहेको बताइएको छ । इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलले काँकरभिट्टा नाका बन्द रहेको र भारतको पानीट्यांकी बजारमा सयको संख्यामा नेपालीहरु रोकिएको भारतीय प्रहरीले जानकारी गराएको बताए ।

नाकाबाट कसैलाई पनि प्रवेश गराउन आदेश नभएको प्रनाउ पोखरेलले बताए । सोमबार काँकरभिट्टामा यसैगरी भारतबाट आइपुगेका सात सय ३१ जनालाई नेपाल प्रवेशको अनुमति दिइएको थियो । नेपालबाट भारत जान सीमामा जम्मा भएका दुई हजार दुई सय ३६ जना भारतीय नागरिकलाई समेत सोमबार जान अनुमति दिइएको थियो ।

## भट्टराई परिवारमा शोक



**बिर्तामोड, चैत ११।** जयपुर बहुउद्देश्यीय सहकारी संस्था बुद्धशान्ति-२का अध्यक्ष घनश्याम भट्टराईलाई मातृशोक परेको छ ।

बुद्धशान्ति-२ जयपुर निवासी भट्टराईकी आमा हरिप्रिया भट्टराईको ८९ वर्षको उमेरमा चैत ११ गते मंगलवार निधन भएको हो । उनी सामाजिक तथा धार्मिक व्यक्तित्वको रुपमा परिचित थिइन् । उनका हाल श्रीमान् हरिप्रसाद भट्टराई , दुई छोरा-बुहारीहरु घनश्याम-ओमादेवी, हरिश्चन्द्र-हेमन्ता भट्टराई रहेका छन् । त्यस्तै उनका दुई छोरीज्वाइँहरु फूलकुमारी-दिननाथ गौतम, कृष्णकुमारी-गोकर्ण न्यौपाने रहेका छन् । उनका १५ जना नाती नातिनी, २२ जना पनाती पनातिनी रहेका छन् ।

उनका छोरामध्ये घनश्याम कामधेनु दूग्ध उत्पादक सहकारी संस्थाका संस्थापक अध्यक्ष, आइपियम झापाका संस्थापक अध्यक्ष, अल्पादेवी वीऊविजन सहकारी संस्थाका संस्थापक अध्यक्ष, कृषि उपज बजार व्यवस्थापन समिति बुद्धशान्तिका अध्यक्ष, भट्टराई कुलवंश प्रतिष्ठान प्रदेश नं. १का सदस्य, भट्टराई कुलवंश प्रतिष्ठान वुधवारेका अध्यक्ष लगायत विभिन्न संघ-संस्थाहरुमा आवद्ध रहेका छन् ।

त्यस्तै हरिश्चन्द्र साना किसान सहकारी संस्था अन्तर समूहका अध्यक्ष, जयपुर बहुउद्देश्यीय सहकारी संस्था बुद्धशान्ति-२का सदस्य लगायत विभिन्न संघ-संस्थाहरुमा आवद्ध रहेका छन् । स्व. भट्टराईको बुद्धशान्तिमा रहेको चिलिमगढी घाटमा अन्त्येष्टि गरिएको बताइएको छ ।

## संस्कार ...

आफैं नै छु । कुखुराको कुकुरी काँबाट व्युँझिने उनले कहिले के गर्ने, कहाँ जाने र कति बेला जाने समयको इण्डिकेटर प्रकृतिमै रहेको प्रमाणित गरिदिए । जसलाई हामी प्रत्येकले चिनेका छौ संगत गरेका छौं तर अफसोस ती माल्दाइहरुको क्षमतादेखि आश्चर्य हुने हामीले त्यो क्षमता सिक्न रुचाएनौं र त्यसको बैज्ञानिकताबाट बञ्चित भइसक्यौं । किनकि हामी त परिवर्तनकारी हौ, हामी अलार्म लगाएर उठ्छौं, मोबाइल हेरेर कार्यसमय निर्धारण गर्छौं हामीसँग भएको स्मार्ट फोनले हामीलाई लट्टु बनाइरहेको छ । यो स्मार्टफोन स्वीचअफ भएको कारण समयको अनुमान नभएर आफ्नो महत्वपूर्ण कार्य छुटेको धेरैको अनुभव होला किनकि हामीमा कुखुराको भाषा बुझ्ने क्षमता छैन हामी अनस्मार्ट बनाइएका छौं । ति माल्दाइहरु आफू स्मार्ट थिए र प्रकृतिलाई साधन बनाउँथे हामी चाहिँ आफू साधन भएका छौं स्मार्ट चाहिँ फोनको रुपमा छ ।

हामी हाम्रो संस्कृति र सकारात्मक संस्कारबाट विमुख हुँदै गर्दा, पुरानो बिचार मर्दै गर्दा आज विश्वले भने यसलाई आधुनिक र बैज्ञानिक प्रमाणित गरिरहेको त नमस्कारको विश्वव्यापी प्रयोगले सिद्ध गरिसकेको छ । हामी हात मिलाउने तथा अंग्रेजी शब्दहरुबाट आफूलाई मोडर्न देखाउन रुचाउँछौं यी कुराको प्रयोग नराम्रो होइन तर नमस्कार र गुडमर्निङबीचको संकुचित धारणा खराब हुन र रहेछन् भन्ने आज प्रमाणित हुँदैछन् ।

यसरी हामीले हाम्रा सकारात्मक र बैज्ञानिक संस्कारहरुलाई अन्धविश्वास, रुढीवादीको संज्ञा दिइ परसंस्कारलाई आधुनिकता मानी खोक्रो आडम्बरलाई अंगाल्दा विश्वले भने हाम्रे संस्कृति र संस्कारको बैज्ञानिकताको अनुशरण गरिरहेको छ। यसरी आफू र आफनो संस्कारलाई चिन्न नसकेकाहरुलाई आज विश्व मानव जातिमै संकट आइपरेको बेलामा चिन्ने सुनौलो अवसर मिलेको छ।

आउनुहोस् हामी बिकसित हौं, चिनौ आफैंले आफूलाई सकारात्मक परिवर्तन गरेर पुराना ति सेल्फ क्वारेन्टाइनका विधि अपनाऔं । शुद्धताले शारीरिक क्षमता बृद्धि गर्छ, ध्यानले मानसिक क्षमता बृद्धि अनि विश्वासले आशा जगाउँछ, जसले कोरोना होस् या जुनसुकै भाइरस त्यसको असर निर्मुल गर्न अहम् भूमिका खेल्दछ । विहानको पहिलो प्रहरमा उठेर नुहाएर शुद्ध भइ कसैको पनि स्पर्सबाट टाडा रही एउटा कोठा वा कुनामा बसेर आफ्नो आरध्यलाई सम्झेर विश्व बचाउको लागि प्रार्थना गरौं र सेल्फ क्वारेन्टाइनमा बसौं ।


**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् । 'चट्ट फोट झट्ट सेवा'

सम्पर्कः ०२३–५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**वर्गीकृत विज्ञापन**

**कर्मचारी आवश्यकता**

सेक्युरिटी गार्ड (महिला–पुरुष) १५ जना
Math/English Teacher: ४ जना
Math/Science Teacher: ४ जना
कुक : ७ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
वेटर : ११ जना (बिर्तामोड, इलाम, फिक्कल)
हाउस किपिङ : ६ जना (बिर्तामोड, इलाम)
क्लिनरः ८ जना (बिर्तामोड, इलाम, काँकरभिट्टा)
घरमा काम गर्ने : ४ जना (महिला)

**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
बिर्तामोड : ०२३–५४६६८३/९८२६९२०००१
इलामः ०२७–५२०१४०/९८२६९२०००२

**हिजोको सूनचाँदीको भाउ**
छापावाला सुन : ७७,०००।–
तेजावी सुन : ७६,७००।–
असल चाँदी : ७२५।–

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्कः ९८२४९८११७४, ९८४४६४७०६७ ९८०६०८३८७६, ९८६२६४८२८२

**आवश्यकता**

सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
**सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड
फोनः ०२३–५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
बिर्तामोड, झापा
सम्पर्क **राजकुमार श्रेष्ठ**
९८४२६३८६३७/९८०८०७०८७०/ ०२३-५४४३८४ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्याकीबाट सफाई गरिन्छ ।
मोबाइल : ९८४२६३८६००५

**बिना अपरेशन सफल उपचार**

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८०३१५४६१९)

**कोरियन भाषामा विशेष छुट**

दक्ष शिक्षकद्वारा सस्तो दरमा ग्यारेन्टिका साथ पठनपाठन धमाधम भइरहेको छ । साथै चैत १५ देखि Trail Exam हरु पनि सञ्चालन गराइँदैछ । चाडै सम्पर्क गर्नुहोला । **Divine Int'l Acadamy (Dia)**
Birtamode 023-543821, 9823714550
अन्धुवा खोला छेउ अतिथि सदन जाने बाटोको छेउमा ।

**उज्यालो यातायात प्रा.लि.**
९८६०३६२५३५
९८१४०८८९९६
बिर्तामोड, फिदिम, ताप्लेजुङ, हेटौडा, नारायणघाट, काठमाडौं, कोहलपुर, धनगढी, नेपालगञ्ज, महेन्द्रनगर, सुर्खेत, बाग्लुङ, भैरवा, पोखरा, बुटवल, लुम्बिनी, नेपालको जुनसुकै ठाउँ जानको लागि सम्झनुहोस् ।

**डाक्टर आउने बारेको सूचना**

**डा. पवन पराजुली** NMC No. 7465
MBBS (BKPKHIS) Dharan
MD फिजिसियन (PGI, Chandigarh) India
DM, Gastroenterology (ION, TUTU) KTM
ग्यास्ट्रो एण्ड हेपाटोलोजी पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेषज्ञ
महिनाको दोस्रो र चौथो शनिवार (दिनको १२ बजेदेखि)
**कान्तिपुर मेडिसिन एण्ड प्रधान डाइगोनोष्टिक सेन्टर**
बिर्तामोड अन्धुवा खोला छेऊ (०२३–५४२८४५)

**अर्जुनधारा यातायात प्रा. लि.द्वारा सञ्चालित झापाको बिर्तामोडदेखि पाँचथरको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

दानावारी, महमाई, लारूम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे१ज ५६४, मे१ज १७९९, मे१ज ५४६, मे१ज ६२५, मे१ज ३०७, मे१ज ४१७
काउण्टर इञ्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०९४४ वीरेन्द्र राई




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** अवसर प्राप्त हुनुका साथै भाग्यले साथ दिनेछ । प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -** सेवामूलक कामबाट फाइदाको स्रोत पहिल्याउन सकिनेछ । प्रतीक्षा गरिएको नतिजा सबल रहनेछ । सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । व्यापार तथा कृषि क्षेत्रबाट लाभ मिल्नेछ । पुरानो सम्झौता तोड्नुपर्ने आवश्यकता पर्न सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** निर्णय लिएर पनि परिस्थिति अनुसार चल्न नसक्ता पछि परिनेछ । दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ । महत्वाकांक्षी योजना कार्यान्वयनमा आफ्नैले बाधा पुऱ्याउन सक्छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । नयाँ काम प्रारम्भ गर्ने समय छ । चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** दाजुभाइमा आत्मीयता बढ्नेछ भने प्रेम र मित्रताको बन्धनसमेत कसिनेछ । लगानी गर्दा व्यवसायमा मनग्गे धनलाभ हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आलस्य त्यागेर मेहनत गर्दा फाइदा उठाउन सकिनेछ । पहिलेको उपलब्धिले पनि उत्साह जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् । मेहनतले सम्मानित स्थान दिलाउनेछ । मानसम्मान प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** सम्पादित कामबाट धन लाभ हुनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** अध्ययनमा प्रगति हुनेछ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** चिताएको काम सम्पादन हुनेछ । पहिलेका कमजोरीलाई सुधार्ने मौका छ । काम कार्यमा लागीपर्दा शुभ होला ।